खोज तथा उद्धार टोली गठन तथा परिचालन सम्बन्धी मापदण्ड

२०८३



नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरबार, काठमाडौं



प्रमाणित प्रतिलिपि

खोज तथा उद्धार टोली गठन तथा परिचालन सम्बन्धी मापदण्ड, २०८३

प्रस्तावना : विपद्का घटना हुनासाथ खोज तथा उद्धार लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वतः परिचालित हुने व्यवस्था मिलाई मानवीय तथा भौतिक क्षति न्यून गर्नु वाञ्छनीय भएकोले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४८ बमोजिम कार्यकारी समितिले यो मापदण्ड बनाएको छ।

परिच्छेद-१
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस मापदण्डको नाम "खोज तथा उद्धार टोली गठन तथा परिचालन सम्वन्धी मापदण्ड, २०८३" रहेको छ।

(२) यो मापदण्ड कार्यकारी समितिबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अको अर्थ नलागेमा यस मापदण्डमा,

(क) "**ऐन**" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनुपर्छ।

(ख) "**कमाण्ड पोष्ट**" भन्नाले राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० बमोजिम विपद्को अवस्थामा राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रमा स्थापना हुने र प्रदेश तथा स्थानीय तहले विपद्को समयमा आफ्नो कानुन बमोजिम स्थापना गर्ने कमाण्ड पोष्टलाई सम्झनुपर्छ र सो शब्दले जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रमा स्थापना भई सञ्चालन हुने कमाण्ड पोष्टलाई समेत जनाउँछ।

(ग) "**कार्यकारी समिति**" भन्नाले ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनुपर्छ।

(घ) "**खोज तथा उद्धार टोली**" भन्नाले विपद् तथा दुर्घटनाको अवस्थामा खोज तथा उद्धार कार्य गर्ने उद्देश्यले तयार गरिएको विशेष तालिम प्राप्त समूहलाई सम्झनुपर्छ।

(ङ) "**प्राधिकरण**" भन्नाले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई सम्झनुपर्छ।

(च) "**विपद्**" भन्नाले ऐनको दफा २ को खण्ड (घ) र खण्ड (झ) बमोजिमका विपद्लाई सम्झनुपर्छ।

(छ) "**जोखिमयुक्त पदार्थ**" भन्नाले रासायनिक, भौतिक वा जैविक गुणका कारण मानिसको जीवन, स्वास्थ्य, सम्पत्ति वा वातावरणमा गम्भिर जोखिम उत्पन्न गर्न सक्ने ठोस, तरल वा ग्यास कुनै पनि विषालु, ज्वलनशील, विस्फोटक, संक्षारक, रेडियोधर्मी वा जैविक रुपमा हानिकारक पदार्थहरूलाई सम्झनुपर्छ।

(ज) "**अन्तर्राष्ट्रिय खोज तथा उद्धार परामर्श समूह**" भन्नाले संयुक्त राष्ट्रसंघबाट मान्यता प्राप्त अन्तर्राष्ट्रिय खोज तथा उद्धार परामर्श समूहलाई सम्झनुपर्छ।

(झ) "**संकट व्यवस्थापन केन्द्र**" भन्नाले राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० बमोजिम ठूलो विपद्को अवस्थामा प्रभावकारी खोज तथा उद्धार कार्य सञ्चालन गर्न अस्थायी रूपमा नेपाली सेनाको नेतृत्वमा स्थापना हुने संकट व्यवस्थापन केन्द्रलाई सम्झनुपर्छ।

नेपाल सरकार
गृह मन्त्रालय
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं
प्रमाणित प्रतिलिपि
२०८३।२।१७

(ञ) "**प्रतिकार्य नेतृत्व प्रणाली**" भन्नाले विपद्को अवस्थामा प्रतिकार्यलाई थप व्यवस्थित, समन्वयात्मक र प्रभावकारी बनाउन अस्थायी रूपमा स्थापना गरिने प्रणालीलाई सम्झनुपर्छ।

परिच्छेद-२

खोज तथा उद्धार टोलीको संरचना र कार्यजिम्मेवारी

३. **खोज तथा उद्धारको तह :** (१) खोज तथा उद्धारको तह **अनुसूची—१** मा व्यवस्था भए बमोजिम हुनेछ।

(२) यस मापदण्ड बमोजिमका खोज तथा उद्धार टोली खोज तथा उद्धारको तह अनुसार क्रियाशील हुनेछन्।

४. **स्थानीय खोज तथा उद्धार टोली:** (१) पहिलो तहको प्रतिकार्यको लागि स्थानीय खोज तथा उद्धार टोली परिचालन हुनेछ।

(२) स्थानीय खोज तथा उद्धार टोलीको गठन तथा परिचालन स्थानीय तहले गर्नेछ।

(३) स्थानीय खोज तथा उद्धार टोलीको संरचना देहाय बमोजिम हुनेछ:

(क) मुख्य नेतृत्वमा एक जना

(ख) खोज समूह (Search Team) मा दुई जना

(ग) उद्धार समूह (Rescue Team)मा चार जना

(घ) स्वास्थ्य उपचार र बन्दोवस्ती (Medical and Logistics) तर्फ एक जना

(४) मान्यता प्राप्त तालिम प्रदायक संस्थाबाट विपद् खोज तथा उद्धार र प्राथमिक उपचारसम्बन्धी तालिम प्राप्त गरेका साथै प्रचलित कानूनबमोजिम स्वयंसेवकका लागि तोकिएको योग्यता पूरा गरेका व्यक्तिहरू स्थानीय खोज तथा उद्धार टोलीको सदस्य हुन सक्नेछन्।

(५) प्राधिकरणले स्थानीय खोज तथा उद्धार टोलीमा रहने सदस्यको आवश्यक योग्यता निर्धारण गर्न सक्नेछ।

(६) स्थानीय खोज तथा उद्धार टोलीको कार्यजिम्मेवारी र मापदण्ड देहाय बमोजिम हुनेछ:

(क) पहिलो तहको खोज तथा उद्धारको लागि वृहतक्षेत्र लेखाजोखा गर्ने।

(ख) क्षतिग्रस्त भौतिक संरचनामा पुरिएका वा फसेका मानिस तथा जीवजन्तुको खोज तथा उद्धार गर्ने।

(ग) विपद्जन्य घटनाका घाइतेहरूलाई प्राथमिक उपचारको व्यवस्था मिलाउने।

(घ) बाढी तथा डुबानजस्ता जलउत्पन्न प्रकोपको क्रममा खोज तथा उद्धार गर्ने र प्राविधिक खोज तथा उद्धारमा सहयोगी भूमिका निर्वाह गर्ने।

(ङ) आगलागी र वन डढेलो नियन्त्रणमा सहयोगी भूमिका निर्वाह गर्ने।

(च) विपद्जन्य घटनामा मृत्यु भएकाको शव व्यवस्थापन कार्यमा सहयोगी भूमिका निर्वाह गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं
प्रमाणित प्रतिलिपि

(छ) विपद्जन्य घटना भएको क्षेत्र वा स्थानमा सुरक्षा निकायका प्रतिनिधि वा सम्बन्धित विषयका खोज तथा उद्धार टोली नआइपुग्दासम्म सुरक्षा प्रबन्ध गर्ने।

(ज) आवश्यकता अनुसार हवाई उद्धारको लागि हेलिप्याडको छनौट तथा रेखाङ्कन गर्ने।

(७) यस टोलीमा रहने सदस्यको थप कार्यजिम्मेवारी **अनुसूची–२** मा व्यवस्था गरिए बमोजिम हुनेछ।

(८) स्थानीय खोज तथा उद्धार टोलीको विपद् वा दुर्घटना भएदेखि कम्तिमा बाह्र घण्टासम्म आवश्यक पर्ने सबै खोज, उद्धार, प्राथमिक उपचार तथा बन्दोबस्तीका सामग्रीसहित कार्य गर्ने क्षमता हुनुपर्नेछ।

(९) यस टोलीको लागि आवश्यक उपकरणहरूको विवरण **अनुसूची–३** मा व्यवस्था गरिए बमोजिम हुनेछ।

(१०) स्थानीय तहले थप मेशिन, औजार, उपकरणका साथै बन्दोबस्तीका सामग्रीको मापदण्ड निर्धारण र व्यवस्था गर्न सक्नेछ।

५. आधारभूत/हल्का खोज तथा उद्धार टोली : (१) जिल्लाभित्रको विपद् वा दुर्घटना प्रतिकार्यको लागि जिल्लास्तरीय खोज तथा उद्धार टोली परिचालन हुनेछ।

(२) आधारभूत/हल्का खोज तथा उद्धार टोलीको गठन तथा परिचालन जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिसँगको समन्वयमा स्थानीय तहले गर्नेछ।

(३) आधारभूत/हल्का खोज तथा उद्धार टोलीको संरचना देहाय बमोजिम हुनेछः

(क) नेतृत्व समूह (Command Team) मा मुख्य नेतृत्वसहित चार जना

(ख) खोज तथा उद्धार समूह (Search and Rescue Team) मा नौ जना

(ग) स्वास्थ्य उपचार समूहमा (Medical Team) दुई जना

(घ) बन्दोबस्ती समूहमा (Logistics Team) सात जना

(४) मान्यता प्राप्त तालिम प्रदायकबाट आधारभूत र प्राविधिक खोज तथा उद्धार विषयमा तालिम तथा कार्यअनुभव प्राप्त गरी योग्यता पुगेका व्यक्ति आधारभूत/हल्का खोज तथा उद्धार टोलीको सदस्य रहन सक्ने छन्।

(५) प्राधिकरणले आधारभूत/हल्का खोज तथा उद्धार टोलीमा रहने सदस्यको आवश्यक योग्यता निर्धारण गर्न सक्नेछ।

(६) आधारभूत/हल्का खोज तथा उद्धार टोलीको कार्यजिम्मेवारी र मापदण्ड देहाय बमोजिम हुनेछः

(क) विपद् भएको स्थान वा क्षेत्रको विस्तृत लेखाजोखा गर्ने।

(ख) खोज तथा उद्धारको लागि क्षमता तथा स्रोत साधनको आकलन र पहिचान गरी विस्तृत योजना तयार गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं
प्रमाणित प्रतिलिपि

(ग) भत्किन लागेका र भत्किएका हलुका भग्नावशेषलाई भरथेग गरी स्थिर तुल्याउने र थप हल्लिन, खस्न तथा भत्किन नदिने। मुख्यगरी घर तथा भवनमा झ्याल ढोकाहरूलाई Shoring माध्यमबाट अड्याउने।

(घ) खोज तथा उद्धारको क्रममा पाँच टन (मानव शक्ति द्वारा एक टन र प्राविधिक क्षमताद्वारा पाँच टनसम्म वजन भएका ढलानका स्ल्याव, खम्बा तथा ठूला वजनदार वस्तुहरूलाई झुण्ड्याउने, उचाल्ने तथा हटाउने।

(ङ) खोज तथा उद्धारको क्रममा एक सय पचास मि.मि. सम्म मोटाई रहेको ढलान तथा पिलरलाई फुटाउने, काट्ने र तिनमा प्वाल वा भ्वाङ पार्ने।

(च) उद्धारको क्रममा दुई सय मि.मि. सम्मका काठका मुढालाई चिर्ने तथा टुक्र्याउने।

(छ) उद्धारको क्रममा तीन मि.मि. सम्मको फलामलाई काट्ने।

(ज) खोज तथा उद्धारको क्रममा दस मिटरसम्मको उचाई र गहिराईमा रहेका घाइते तथा बिरामीको डोरीद्वारा उद्धार गर्ने।

(झ) खोज तथा उद्धारको क्रममा आवश्यक समन्वय, सुरक्षा, खोज तथा उद्धारको लागि Building Marking System अनुसार भग्नावशेषलाई चिन्ह लगाउने।

(ञ) आफ्नो टोलीको क्षमताभन्दा बाहिर रहेको अवस्थामा लेखाजोखा, खोज तथा उद्धारको चौथो तहका लागि खोज तथा उद्धार गर्नुपर्ने क्षेत्र र स्थानहरूको पहिचान गर्ने।

(ट) विपद् वा दुर्घटना भएको स्थल वा क्षेत्रको सुरक्षा गर्ने।

(ठ) जल उत्पन्न प्रकोपको क्रममा डोरीको प्रयोग र डुङ्गाको प्रयोग गरी खोज तथा उद्धार गर्ने।

(ड) आगो र वन डढेलो नियन्त्रणमा सहयोग पुऱ्याउने।

(ढ) हवाई तथा सडक दुर्घटनामा परेका घाइते बिरामीहरूको उद्धार गर्न सहयोगी भूमिका निर्वाह गर्ने।

(ण) आवश्यकता अनुसार हवाई उद्धारको लागि हेलिप्याडको छनौट तथा रेखाङ्कन गर्नुका साथै सोका लागि आवश्यक समन्वय गर्ने।

(त) जोखिमयुक्त पदार्थबाट भएको दुर्घटनाको क्रममा घाइते बिरामीहरूको साधारण खोज तथा उद्धार गर्ने।

(थ)विपद् तथा दुर्घटनामा परेर उद्धार गरिएका घाइते बिरामीहरूको जीवन रक्षाको लागि अत्यावश्यक रहेको खण्डमा प्राथमिक उपचार तथा अस्पतालपूर्वको उपचार गर्ने।

(द)विपद्का घटना तथा सडक र हवाई दुर्घटनामा मृत्यु भएकाहरूको शव व्यवस्थापनमा सहयोगी भूमिका निर्वाह गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं
प्रमाणित प्रतिलिपि

(ध)खोज तथा उद्धारको क्रममा अन्तर्राष्ट्रिय प्राविधिक खोज तथा उद्धार टोलीको उपस्थिति भएको अवस्थामा उक्त टोलीलाई आवश्यकता अनुसार आवश्यक सहयोग र सहकार्य गर्ने।

(७) यस टोलीमा रहने सदस्यको थप कार्यजिम्मेवारी **अनुसूची—४** मा व्यवस्था गरिए बमोजिम हुनेछ।

(८) आधारभूत/हल्का खोज तथा उद्धार टोलीको विपद् वा दुर्घटना भएदेखि दैनिक बाह्र घण्टाका दरले कम्तिमा पाँच दिनसम्म आवश्यक पर्ने सबै खोज, उद्धार, प्राथमिक उपचार तथा बन्दोबस्तीका सामग्रीसहित कार्य गर्ने क्षमता हुनुपर्नेछ।

(९) यस टोलीको लागि आवश्यक उपकरणहरूको विवरण **अनुसूची—५** मा व्यवस्था गरिए बमोजिम हुनेछ।

६. मझौला खोज तथा उद्धार टोली: (१) प्रदेश तहमा विपद् वा दुर्घटना प्रतिकार्यको लागि मझौला खोज तथा उद्धार टोली परिचालन हुनेछ।

(२) मझौला खोज तथा उद्धार टोलीको गठन तथा परिचालन प्रदेश सरकारले गर्नेछ।

(३) मझौला खोज तथा उद्धार टोलीको संरचना देहाय बमोजिम हुनेछः

(क) नेतृत्व समूह (Command Team) मा मुख्य नेतृत्व सहित आठ जना

(ख) खोज समूह (Search Team) मा आठ जना

(ग) उद्धार समूह (Rescue Team) मा सोह्र जना

(घ) स्वास्थ्य उपचार समूह (Medical Team) मा चार जना

(ङ) बन्दोबस्ती समूह (Logistics Team) मा तेह्र जना

(४) मान्यता प्राप्त तालिम प्रदायकबाट मध्यमस्तरको प्राविधिक खोज तथा उद्धार विषयमा तालिम तथा कार्यअनुभव प्राप्त गरी योग्यता पुगेका व्यक्ति मझौला खोज तथा उद्धार टोलीको सदस्य रहन सक्नेछन्।

(५) प्राधिकरणले सुरक्षा निकाय तथा सम्बन्धित विषयका विज्ञहरूसँगको परामर्शमा मझौला खोज तथा उद्धार टोलीमा रहने सदस्यको आवश्यक योग्यता निर्धारण गर्नेछ।

(६) मझौला खोज तथा उद्धार टोलीको कार्यजिम्मेवारी र मापदण्ड देहाय बमोजिम हुनेछः

(क) विपद् भएको स्थान वा क्षेत्रको विस्तृत लेखाजोखा गर्ने।

(ख) खोज तथा उद्धारको लागि क्षमता तथा स्रोत साधनको आकलन र पहिचान गरी खोज तथा उद्धारको विस्तृत योजना तयार गर्ने।

(ग) क्षतिग्रस्त भौतिक संरचनाका भग्नावशेषहरूको गहिराईसम्म प्राविधिक खोजी तथा कुकुरद्वारा खोजी गर्ने।

(घ) भत्किन लागेका र भत्किएका भग्नावशेषका संरचनालाई Shoring माध्यमबाट भरथेग गरी स्थिर तुल्याउने/अड्याउने र थप हल्लिन, खस्न तथा भत्किन नदिने।

नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं
प्रमाणित प्रतिलिपि

(ङ) खोज तथा उद्धारको क्रममा बाह्र टन (मानव शक्तिद्वारा एक टन र प्राविधिक क्षमताद्वारा बाह्र टनसम्म वजन भएका ढलानका स्ल्याब, खम्बा तथा ठूला वजनदार वस्तुहरूलाई झुण्ड्याउने, उचाल्ने, घिसार्ने तथा हटाउने।

(च) उद्धारको क्रममा तीन सय मि.मि. सम्मको मोटाई रहेको ढलान तथा पिलरलाई फुटाउने, काट्ने तिनमा प्वाल वा भ्वाङ पार्ने।

(छ) उद्धारको क्रममा तीन सय मि.मि. सम्मका काठका मुढालाई चिर्ने तथा टुक्र्याउने।

(ज) उद्धारको क्रममा दस मि.मि. सम्मको फलामलाई काट्ने।

(झ) खोज तथा उद्धारको क्रममा जतिसक्दो उचाई तथा गहिराईमा रहेका घाइते तथा बिरामीको डोरीद्वारा उद्धार गर्ने।

(ञ) खोज तथा उद्धारको क्रममा आवश्यक समन्वय, सुरक्षा, खोज तथा उद्धारको लागि Building Marking System अनुसार भग्नावशेषलाई चिन्ह लगाउने।

(ट) आफ्नो टोलीको क्षमताभन्दा बाहिर रहेको अवस्थामा लेखाजोखा, खोज तथा उद्धारको पाँचौ तहको लागि खोज तथा उद्धार गर्नुपर्ने क्षेत्र र स्थानहरूको पहिचान गर्ने।

(ठ) विपद् वा दुर्घटना भएको स्थल वा क्षेत्रको सुरक्षा गर्ने।

(ड) जल उत्पन्न प्रकोपको क्रममा डोरीको प्रयोग र डुङ्गाको प्रयोगद्वारा खोज तथा उद्धार गर्ने र आवश्यक पर्दा नदी, ताल तथा पोखरीहरूको गहिराईसम्म गएर खोज तथा उद्धार गर्ने।

(ढ) आगलागी र वन डढेलो नियन्त्रणमा सहयोग पुऱ्याउने।

(ण) सडक तथा हवाई दुर्घटनामा परेका घाइते बिरामीहरूको उद्धार गर्न सहयोगी भूमिका निर्वाह गर्ने।

(त) आवश्यकता अनुसार हवाई उद्धारको लागि हेलिप्याडको छनौट तथा रेखाङ्कन गर्नुका साथै सोका लागि आवश्यक समन्वय गर्ने।

(थ) जोखिमयुक्त पदार्थबाट भएको दुर्घटनाको क्रममा घाइते बिरामीहरूको प्रभावकारी खोज तथा उद्धार गर्ने।

(द) विपद् तथा दुर्घटनामा परेर उद्धार गरिएका घाइते बिरामीहरूको जीवन रक्षाको लागि अत्यावश्यक रहेको खण्डमा प्राथमिक उपचार तथा अस्पताल पुऱ्याउनु पूर्वको उपचार गर्ने।

(ध) विपद्का घटना तथा सडक र हवाई दुर्घटनामा मृत्यु भएकाहरूको शव व्यवस्थापनमा सहयोगी भूमिका निर्वाह गर्ने।

(न) खोज तथा उद्धारको क्रममा अन्तर्राष्ट्रिय खोज तथा उद्धार टोलीको उपस्थिति रहेको अवस्थामा उक्त अन्तर्राष्ट्रिय खोज तथा उद्धार टोलीलाई आवश्यकता अनुसार आवश्यक सहयोग र सहकार्य गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं
प्रमाणित प्रतिलिपि

(७) यस टोलीमा रहने सदस्यको थप कार्यजिम्मेवारी **अनुसूची–६** मा व्यवस्था गरिए बमोजिम हुनेछ।

(८) मझौला खोज तथा उद्धार टोलीको विपद् वा दुर्घटना भएको स्थानमा लगातार चौबीस घण्टा खटिएर सात दिनसम्म आवश्यक पर्ने सबै खोज, उद्धार, प्राथमिक उपचार तथा बन्दोबस्तीका सामग्रीसहित कार्य गर्ने क्षमता हुनुपर्नेछ।

(९) यस टोलीको लागि आवश्यक मेशिन, औजार, उपकरण तथा सामग्रीहरूको विवरण **अनुसूची–७** मा व्यवस्था भए बमोजिम हुनेछ।

७. विशेष खोज तथा उद्धार टोली : (१) मुलुकभित्रका जटिल, प्राविधिक तथा उच्चस्तरका विपद् वा दुर्घटना प्रतिकार्यको लागि विशेष खोज तथा उद्धार टोली परिचालन हुनेछ।

(२) विशेष खोज तथा उद्धार टोलीको गठन तथा परिचालन प्राधिकरणले गर्नेछ।

(३) विशेष खोज तथा उद्धार टोलीको संरचना देहाय बमोजिम हुनेछः

(क) नेतृत्व समूह (Command Team) मा मुख्य नेतृत्वसहित नौ जना,

(ख) खोज समूह (Search Team) मा दश जना,

(ग) उद्धार समूह (Rescue Team) मा तीस जना,

(घ) स्वास्थ्य उपचार समूह (Medical Team) मा छ जना,

(ङ) बन्दोबस्ती समूह (Logistics Team) मा सत्र जना।

(४) मान्यता प्राप्त तालिम प्रदायकबाट उच्चस्तरको खोज तथा उद्धार विषयमा तालिम तथा कार्यअनुभव प्राप्त गरी योग्यता पुगेका व्यक्ति विशेष खोज तथा उद्धार टोलीको सदस्य रहन सक्नेछन्।

(५) प्राधिकरणले सुरक्षा निकाय तथा सम्बन्धित विषयका विज्ञहरूसँगको परामर्शमा विशेष खोज तथा उद्धार टोलीमा रहन आवश्यक योग्यता निर्धारण गर्नेछ।

(६) विशेष खोज तथा उद्धार टोलीको कार्यजिम्मेवारी र मापदण्ड देहाय बमोजिम हुनेछः

(क) विपद् भएको स्थान वा क्षेत्रको विस्तृत लेखाजोखा गर्ने।

(ख) खोज तथा उद्धारको लागि क्षमता तथा स्रोत साधनको आकलन र पहिचान गरी खोज तथा उद्धारको विस्तृत योजना गर्ने।

(ग) क्षतिग्रस्त भौतिक संरचनाका भग्नावशेषहरूको गहिराईसम्म प्राविधिक खोजी तथा कुकुरद्वारा खोजी गर्ने।

(घ) भत्किन लागेका र भत्किएका भग्नावशेषका संरचनाहरूलाई Shoring विधिबाट भरथेग गरी स्थिर तुल्याउने/अड्याउने र थप हल्लिन, खस्न तथा भत्किन नदिने।

(ङ) खोज तथा उद्धारको क्रममा बीस टन (मानव शक्तिद्वारा साढे दुई टन र प्राविधिक क्षमता द्वारा बीस टनसम्म वजन भएका ढलानका स्ल्याब, खम्बा तथा ठूला वजनदार वस्तुहरूलाई झुण्ड्याउने, उचाल्ने, घिसार्ने तथा हटाउने।

नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं
प्रमाणित प्रतिलिपि

(च) उद्धारको क्रममा चार सय पचास मि.मि. सम्म मोटाई रहेको ढलान तथा पिलरलाई फुटाउने, काटने र प्वाल वा भ्वाङ पार्ने।

(छ) उद्धारको क्रममा तीन सय मि.मि. सम्मका काठका मुढालाई चिर्ने तथा टुक्र्याउने।

(ज) उद्धारको क्रममा बीस मि.मि. सम्मको फलामलाई काट्ने।

(झ) खोज तथा उद्धारको क्रममा उचाई र गहिराईमा रहेका घाइते तथा विरामीको डोरीद्वारा उद्धार गर्ने।

(ञ) खोज तथा उद्धारको क्रममा आवश्यक समन्वय, सुरक्षा, खोज तथा उद्धारको लागि Building Marking System अनुसार भग्नावशेषलाई चिन्ह लगाउने।

(ट) विपद् वा दुर्घटना भएको स्थल वा क्षेत्रको सुरक्षा गर्ने।

(ठ) जल उत्पन्न प्रकोपको क्रममा डोरीको प्रयोग र डुङ्गाको प्रयोगद्वारा खोज तथा उद्धार गर्ने र आवश्यक पर्दा नदी, ताल तथा पोखरीहरूको गहिराईसम्म गएर खोज तथा उद्धार गर्ने।

(ड) आगलागी र वन डढेलो नियन्त्रणमा सहयोग पुऱ्याउने।

(ढ) सडक तथा हवाई दुर्घटनामा परेका घाइते विरामीहरूको उद्धार गर्न सहयोगी भूमिका निर्वाह गर्ने।

(ण) आवश्यकता अनुसार हवाई उद्धारको लागि हेलिप्याडको छनौट तथा रेखाङ्कन गर्नुका साथै आवश्यक समन्वय गर्ने।

(त) जोखिमयुक्त पदार्थबाट भएको दुर्घटनाको क्रममा घाइते विरामीहरूको प्रभावकारी खोज तथा उद्धार गर्ने।

(थ) विपद् वा दुर्घटनामा परेर उद्धार गरिएका घाइते विरामीहरूको जीवन रक्षाको लागि अत्यावश्यक रहेको खण्डमा प्राथमिक उपचार तथा अस्पताल पूर्वको उपचार गर्ने।

(द) विपद्का घटना तथा सडक र हवाई दुर्घटनामा मृत्यु भएकाहरूको शव व्यवस्थापनमा सहयोगी भूमिका निर्वाह गर्ने।

(ध) खोज तथा उद्धारको क्रममा अन्तर्राष्ट्रिय प्राविधिक खोज तथा उद्धार टोलीको उपस्थिति भएको अवस्थामा उक्त टोलीलाई आवश्यकता अनुसार आवश्यक सहयोग र सहकार्य गर्ने।

(७) विशेष खोज तथा उद्धार टोलीमा रहने सदस्यको थप कार्यजिम्मेवारी **अनुसूची–८** मा व्यवस्था भए बमोजिम हुनेछ।

(८) विशेष खोज तथा उद्धार टोलीमा विपद् वा दुर्घटनाको अवस्थामा दुई छुट्टाछुट्टै स्थानमा लगातार चौबीस घण्टा दस दिनसम्म आवश्यक पर्ने सबै खोज, उद्धार, प्राथमिक एवं साधारण उपचारका

नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं
प्रमाणित प्रतिलिपि

मेशिन, औजार, उपकरणका साथै अन्य बन्दोस्तीका सामग्री र परिचालन क्षमतामा आत्मनिर्भर रही खोज तथा उद्धार गर्ने क्षमता हुनुपर्नेछ।

(९) विशेष खोज तथा उद्धार टोलीको लागि आवश्यक मेशिन, औजार, उपकरण तथा सामग्रीहरूको विवरण **अनुसूची–९** मा व्यवस्था भए बमोजिम हुनेछ।

८. हिमाली खोज तथा उद्धार टोली: (१) मान्यता प्राप्त तालिम प्रदायकबाट उच्च पहाडी तथा हिमाली क्षेत्रमा खोज तथा उद्धार गर्ने कार्यका लागि आवश्यक पर्ने विशिष्ट प्रकारको खोज तथा उद्धार विषयमा तालिम तथा कार्यअनुभव प्राप्त गरी योग्यता पुगेका व्यक्ति हिमाली खोज तथा उद्धार टोलीको सदस्य रहन सक्नेछन्।

(२) हिमाली खोज तथा उद्धार टोलीको गठन तथा परिचालन प्राधिकरणले गर्नेछ।

(३) प्राधिकरणले सुरक्षा निकाय, माउण्टेन रेष्क्यु एसोसिएसन, पर्वतारोहण पथ प्रदर्शक तथा सम्बन्धित विषयका विज्ञहरूसँगको परामर्शमा हिमाली खोज तथा उद्धार टोलीमा रहन आवश्यक योग्यता निर्धारण गर्नेछ।

(४) हिमाली खोज तथा उद्धार टोलीको संरचना देहाय बमोजिम हुनेछः

(क) नेतृत्व समूह (Command Team) मा मुख्य र सहायक नेतृत्व गरी दुई जना,

(ख) खोज समूह (Search Team) मा पाँच जना,

(ग) उद्धार समूह (Rescue Team) मा पाँच जना,

(घ) स्वास्थ्य उपचार समूह (Medical Team) मा दुई जना,

(ङ) बन्दोबस्ती समूह (Logistics Team) मा पाँच जना,

(५) हिमाली खोज तथा उद्धार टोलीको कार्यजिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) उच्च पहाडी तथा हिमाली क्षेत्रमा दुर्घटना स्थलको नेभिगेसन गर्ने।

(ख) दुर्घटना स्थलमा उद्धारको लागि पुग्ने बाटो, हवाई उद्धारको लागि हेलिकप्टर अवतरण वा होभरिङ्ग गर्ने स्थान आदि पत्ता लगाउने एवं आवश्यक पथप्रदर्शक चिन्ह, हवाई उद्धार सङ्केत आदि लगाउने।

(ग) उच्च पहाडी तथा हिमाली क्षेत्रको उद्धारस्थल र कमाण्ड पोष्टको बीचमा सञ्चार सम्पर्क स्थापना र सुचारु गर्ने।

(घ) उच्च पहाडी तथा हिमाली क्षेत्रमा गएको विपद् तथा दुर्घटनाको प्रभावको विस्तृत लेखाजोखा गर्ने।

(ङ) खोज तथा उद्धारको लागि क्षमता तथा स्रोत साधनको आकलन र पहिचान गरी खोज तथा उद्धारको विस्तृत योजना तयार गर्ने।

(च) हिमपहिरो, हिमआँधी, हिमनदी तथा ठूल्ठूला बरफका चिरा वा खोंचमा हराएका वा फसेका व्यक्ति, घाइते एवम् बिरामी व्यक्ति तथा मृतकको खोज तथा उद्धार गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं
प्रमाणित प्रतिलिपि

(छ) उच्च पहाडी तथा हिमाली क्षेत्रमा विपद् वा दुर्घटना परेका घाइते वा बिरामीको प्राथमिक उपचार र उद्धार गर्ने।

(ज) उच्च पहाडी तथा हिमाली क्षेत्रका भिर, पहरा, खोंच आदिमा फसेका व्यक्तिको उद्धार गर्ने।

(झ) उच्च पहाडी तथा हिमाली क्षेत्रमा हेलिकप्टरमा आधारित खोज तथा उद्धार गर्ने।

(ञ) हिमाली तथा उच्च पहाडी क्षेत्रमा खोज तथा उद्धार गर्न आवश्यक अन्य उपाय गर्ने।

(६) हिमाली खोज तथा उद्धार टोलीमा रहने सदस्यको थप कार्यजिम्मेवारी **अनुसूची—१०** मा व्यवस्था भए बमोजिम हुनेछ।

(७) हिमाली खोज तथा उद्धार टोलीका सबै सदस्य हिमाली क्षेत्रमा नेभिगेसन गर्नुका साथै लगातार तीन दिनसम्म आवश्यक पर्ने सबै खोज, उद्धार, प्राथमिक एवं साधारण उपचारका मेशिन, औजार, उपकरणका साथै अन्य बन्दोस्तीका सामग्री र परिचालन क्षमतामा आत्मनिर्भर रही खोज तथा उद्धार कार्य गर्न सक्षम हुनु पर्नेछ।

(८) हिमाली खोज तथा उद्धार टोलीको लागि आवश्यक मेशिन, औजार, उपकरण तथा सामग्रीहरूको विवरण **अनुसूची—११** मा व्यवस्था भए बमोजिम हुनेछ।

९. फ्लाइङ स्क्वाड: (१) मान्यता प्राप्त तालिम प्रदायकबाट फ्लाइङ स्क्वाडमा रहेर कार्य गर्नको लागि आवश्यक विशेष विषयमा तालिम प्राप्त गरी योग्यता पुगेका व्यक्तिहरू समावेश गरेर प्राधिकरणले सुरक्षा निकाय तथा सम्बन्धित विषयका विज्ञहरूसँगको परामर्शमा फ्लाइङ स्क्वाडको गठन गर्नेछ।

(२) फ्लाइङ स्क्वाड टोली सुरक्षा निकायसँगको समन्वयमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा आवश्यकता अनुसार अन्य विमानस्थलहरूमा पूर्वतैनाथ गरिनेछ।

(३) फ्लाइङ स्क्वाडको संरचना देहाय बमोजिम हुनेछः

(क) मुख्य नेतृत्व एक जना

(ख) खोज तथा उद्धार समूहमा चार जना

(ग) स्वास्थ्य उपचार समूहमा दुई जना

(क) सञ्चार तथा बन्दोबस्तीमा एक जना

(४) फ्लाइङ स्क्वाडको कार्यजिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) विपद् वा दुर्घटनाको द्रुत लेखाजोखा गरी जोखिमको मूल्याङ्कन गर्ने र उक्त विपद् वा दुर्घटनामा परी हराएका वा फसेका व्यक्तिको सम्भावित अवस्थिति पत्ता लगाउने।

प्रमाणित प्रतिलिपि

(ख) विपद् वा दुर्घटना घटेको छ घण्टाभित्र आवश्यकताको मूल्याङ्कन गरी प्रारम्भिक राहत व्यवस्थापन र प्राथमिकता निर्धारणका लागि आधारभूत तथ्याङ्क सम्बन्धित निकायलाई उपलब्ध गराउने।

(ग) जटिल भौगोलिक अवस्थाका साथै विषम् परिस्थिति तथा प्रतिकूल मौसमको बेला हेलिकप्टरबाट र Fast Rope विधिमार्फत परिचालित भई विपद् तथा दुर्घटनामा परेका घाइते बिरामी तथा मृतकहरूको खोजी कार्य गर्ने।

(घ) जटिल भौगोलिक अवस्थाकासाथै विषम् परिस्थिति तथा प्रतिकूल मौसमको बेला Helicopter Hoist Rescue गर्ने।

(ङ) विपद्बाट भत्किन लागेका र भत्किएका भग्नावशेषका संरचनाहरूमा पुरिएका वा हराएका व्यक्तिहरूको खोज तथा उद्धार गर्ने।

(च) जल उत्पन्न प्रकोपको बेला डोरी र डुङ्गाको प्रयोग गरी खोज तथा उद्धार गर्ने।

(छ) गहिरो खोंच, दरार तथा बहुतले भवनहरूमा फसेका व्यक्तिको Vertical Rope Rescue मार्फत उद्धार गर्ने।

(ज) डडेलो तथा ठूला आगलागीको बेला Bambi Bucket का साथै अन्य विधिको प्रयोग गरी आगो नियन्त्रणमा सहयोग पुऱ्याउने।

(झ) आवश्यकता अनुसार हवाई उद्धारको लागि हेलिप्याडको छनौट तथा रेखाङ्कन गर्नुका साथै सोका लागि आवश्यक समन्वय गर्ने।

(ञ) खोज तथा उद्धारको क्रममा स्थानीय स्वयंसेवक, अन्य खोज तथा उद्धार टोली, सुरक्षाकर्मी, अग्नि नियन्त्रक टोली तथा अन्य सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्ने।

(ट) घाइते तथा बिरामीहरूको प्राथमिक स्वास्थ्य उपचार गर्नुका साथै विपद् तथा दुर्घटनामा परेका घाइते बिरामीलाई अस्पताल लैजान र मृतकहरूको शव ढुवानीमा सहयोग पुऱ्याउने।

(ठ) खोज तथा उद्धारको क्रममा अन्तर्राष्ट्रिय प्राविधिक खोज तथा उद्धार टोलीको उपस्थिति भएको अवस्थामा उक्त टोलीलाई आवश्यकता अनुसार आवश्यक सहयोग र सहकार्य गर्ने।

(५) फ्लाइङ स्क्वाडमा रहने सदस्यको जिम्मेवारी **अनुसूची—१२** मा व्यवस्था भए बमोजिम हुनेछ।

(६) फ्लाइङ स्क्वाड विपद् वा दुर्घटना घटेको खबर प्राप्त भएपछि तत्कालै परिचालित भई तीन दिनसम्म आवश्यक पर्ने खोज, उद्धार, प्राथमिक उपचारका मेशिन, औजार, उपकरणका साथै आवश्यक बन्दोस्तीका सामग्रीसहित परिचालन भई आत्मनिर्भर रही खोज तथा उद्धार गर्न सक्षम हुनु पर्नेछ।

(७) फ्लाइङ स्क्वाडको लागि आवश्यक मेशिन, औजार, उपकरण तथा सामग्रीहरूको विवरण **अनुसूची—१३** मा व्यवस्था भए बमोजिम हुनेछ।

नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं
प्रमाणित प्रतिलिपि

परिच्छेद-३

विविध

१०. खोज तथा उद्धार टोलीको गठन तथा व्यवस्थापन : (१) यस मापदण्डले निर्दिष्ट गरेका खोज तथा उद्धार टोलीहरूको गठन प्राधिकरणसँगको समन्वयमा संघ, प्रदेश र स्थानीय तहले गर्नेछन्।

(२) दफा ४ को उपदफा (२), दफा ५ को उपदफा (२), दफा ६ को उपदफा (२), दफा ७ को उपदफा (२), दफा ८ को उपदफा (२) र दफा ९ को उपदफा (१) बाहेक अन्य निकायबाट गठन भएका खोज तथा उद्धार टोलीको व्यवस्थापनको जिम्मेवारी सम्बन्धित गठन गर्ने निकायको हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि खोज तथा उद्धार टोलीको गठन र व्यवस्थापनमा आवश्यकता अनुसार तीनै तहका सरकार र सुरक्षा निकायबीच समन्वय र सहकार्य हुनुपर्नेछ।

(४) यस मापदण्ड बमोजिम गठन तथा व्यवस्थापन भएका खोज तथा उद्धार टोलीको क्षमता विकास गर्न प्राधिकरणले आवश्यक समन्वय, सहकार्य र सहयोग गर्नेछ।

११. खोज तथा उद्धार टोलीमा रहने जनशक्ति व्यवस्थापन र योग्यता : (१) सबै प्रकारका खोज तथा उद्धार टोली लगायत फ्लाइङ स्क्वाडमा सहभागी हुनको लागि अठार वर्ष उमेर पुगेको र साठी वर्ष उमेर ननाघेको एवं तोकिएको काम, कर्तव्यमा बाधा पर्न सक्ने शारीरिक तथा मानसिक अवस्था वा स्वास्थ्य समस्या नरहेको व्यक्ति हुनुपर्नेछ।

(२) स्थानीय खोज तथा उद्धार टोलीमा रहने सदस्यले प्राधिकरणबाट मान्यता प्राप्त विपद् स्वयंसेवक आधारभूत तालिम अनिवार्य रूपमा सम्पन्न गरेको हुनु पर्नेछ।

(३) आधारभूत/हल्का, मझौला तथा विशेष खोज तथा उद्धार टोली र फ्लाइङ स्क्वाडमा रहने सदस्यले प्राधिकरण वा आधिकारिक निकायबाट मान्यता प्राप्त तोकिएको तालिम अनिवार्य रूपमा सम्पन्न गरेको हुनु पर्नेछ।

(४) हिमाली खोज तथा उद्धार टोलीका सदस्यले नियमित स्वास्थ्य परीक्षण गरी सम्बन्धित स्वास्थ्य निकायबाट वार्षिक रूपमा Fit for Duty प्रमाणपत्र प्राप्त गर्नु पर्नेछ।

(५) हिमाली खोज तथा उद्धार टोलीका सदस्यले आधाभूत तथा एड्भान्स माउण्टेनेरिङ र प्राधिकरणबाट लागू गरिएको High Altitude Search and Rescue तालिम अथवा High Mountain Rescue Training (HMRT) गरेका वा International Federation of Mountain Guides Association (IFMGA) बाट मान्यता प्राप्त प्रशिक्षण प्राप्त गरेको हुनु पर्नेछ।

(६) हिमाली खोज तथा उद्धार टोलीको सदस्य छनौट गर्दा स्थानीय परिवेश तथा भाषाको ज्ञानका साथै दुर्घटनामा परेका, घाइते भएका व्यक्तिको भाषा बुझ्न तथा बोल्न सक्ने क्षमता भएका उद्धारकर्तालाई प्राथमिकता दिएर खटाइनेछ।

प्रमाणित प्रतिलिपि
नेपाल सरकार
गृह मन्त्रालय
दरबार, काठमाडौं

(७) हिमाली खोज तथा उद्धार टोलीमा संलग्न हुने प्राविधिकहरुका लागि आयोजना हुने हिमाली खोज तथा उद्धार प्रशिक्षणका लागि International Federation of Mountain Guides Association (IFMGA बाट मान्यता प्राप्त पर्वतारोहण प्रशिक्षण प्राप्त व्यक्तिले प्रशिक्षण दिने व्यवस्था मिलाउनु पर्नेछ।

१२. खोज तथा उद्धार टोली परिचालित हुने अवस्था र तह : प्रचलित कानूनले निर्दिष्ट गरे अनुसार विपद्को अवस्थालाई स्थानीय, जिल्ला, प्रदेश तथा राष्ट्रिय गरी चार स्तरमा वर्गीकरण गरिएको अवस्थामा खोज तथा उद्धार टोलीहरूको परिचालन देहाय अनुसार गरिनेछ।

(क) स्थानीय तथा आधारभूत/हल्का खोज तथा उद्धार टोलीहरु चारै स्तरको (स्थानीय, जिल्ला, प्रदेश तथा राष्ट्रिय) विपद्को अवस्थामा परिचालित हुन सक्नेछन्।

(ख) खोज तथा उद्धारको परिस्थिति आधारभूत/हल्का खोज तथा उद्धार टोलीको क्षमताभन्दा बाहिर रहेको अवस्थामा सम्बन्धित जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति, खोज तथा उद्धार कमाण्ड पोष्ट वा आपत्कालीन कार्यसञ्चालन केन्द्रको अनुरोध तथा सिफारिसमा मझौला खोज तथा उद्धार टोली परिचालन गरिनेछ।

(ग) खोज तथा उद्धारको परिस्थिति मझौला खोज तथा उद्धार टोलीको क्षमताभन्दा बाहिर रहेको अवस्थामा सम्बन्धित जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति, खोज तथा उद्धार कमाण्ड पोष्ट वा आपत्कालीन कार्यसञ्चालन केन्द्रको अनुरोध तथा सिफारिसमा विशेष खोज तथा उद्धार टोली परिचालन गरिनेछ।

(घ) खण्ड (क), (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भएता पनि विपद् तथा दुर्घटनाको प्रकार, अवस्था, गम्भीरता तथा त्यसले पुऱ्याएको क्षति र प्रभावका साथै भौगोलिक दूरीको आधारमा जस्तोसुकै विपद् र दुर्घटनाको अवस्थामा स्थानीय, आधारभूत/हल्का, मझौला र विशेष खोज तथा उद्धार टोली परिचालित हुन सक्नेछन्।

(ङ) आवश्यकताको आधारमा एउटै विपद्को अवस्थामा एवम् एकै विपद् घटनास्थलमा एक वा एकभन्दा बढी खोज तथा उद्धार टोली परिचालित हुन सक्नेछन्।

(च) ऐनको दफा ३२ को उपदफा (१) बमोजिम नेपाल सरकारले प्रदेश, जिल्ला तथा स्थानीय तहलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको अवस्थामा सम्बन्धित तहका खोज तथा उद्धार टोली स्वःस्फुर्त रूपमा परिचालित हुनु पर्नेछ।

तर राष्ट्रिय विपद् घोषणा भएको अवस्थामा आवश्यकता अनुसार सबै खोज तथा उद्धार टोली अनिवार्य परिचालित हुनेछन्।

(छ) हिमाली खोज तथा उद्धार टोलीलाई उच्च पहाडी तथा हिमाली क्षेत्रमा विपद् वा दुर्घटना भएको अवस्थामा आवश्यकता अनुसार परिचालन गरिनेछ।

(ज) स्थानीय सरकार र प्रदेश सरकारको क्षमताभन्दा बाहिरको विपद् वा दुर्घटना रहेको अवस्थामा राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको सिफारिसमा फ्लाइङ स्क्वाडको परिचालन प्राधिकरणबाट गरिनेछ।

नेपाल सरकार गृह मन्त्रालय सिंहदरबार, काठमाडौं
प्रमाणित प्रतिलिपि

(झ) स्थानीय सरकार र प्रदेश सरकारको क्षमताभन्दा बाहिरको विपद् वा दुर्घटना रहेको अवस्थामा राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र तथा केन्द्रीय कमाण्ड पोष्टसँग समन्वय र सम्पर्कमा रहेर सम्बन्धित जिल्ला आपत्कालीन केन्द्रले समन्वय गरी एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वा एक जिल्लाबाट अर्को जिल्लामा आवश्यकता अनुसार खोज तथा उद्धार टोली परिचालन गर्न सक्नेछ।

(ञ) फ्लाइङ स्क्वाड लगायत सबै खोज तथा उद्धार टोलीहरूले परिचालन हुँदा यस मापदण्डको परिधिभित्र रहेर खोज तथा उद्धार कार्य गर्नुपर्नेछ।

१३. नेतृत्व, परिचालन तथा समन्वय : (१) विपद्को क्रममा खोज तथा उद्धार टोलीहरूको परिचालन, नेतृत्व र समन्वय राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० ले निर्दिष्ट गरे बमोजिम हुनेछ। विभिन्न खोज तथा उद्धार टोली तथा तिनको परिचालन प्रारूप अनुसूची १४ र अनुसूची १५ मा व्यवस्था भए बमोजिम हुनेछ।

(२) राष्ट्रिय विपद्को अवस्थामा फ्लाइङ स्क्वाड लगायत सबै खोज तथा उद्धार टोलीहरूको नेतृत्व, परिचालन तथा समन्वय प्राधिकरणको कार्यकारी प्रमुखको नेतृत्वमा स्थापना तथा सञ्चालन हुने खोज तथा उद्धार कमाण्ड पोष्टले गर्नेछ।

(३) प्रदेश, जिल्ला तथा स्थानीय तहको विपद्को अवस्थामा खोज तथा उद्धार टोलीको नेतृत्व, परिचालन तथा समन्वय क्रमशः प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति र स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिका साथै सम्बन्धित तहमा स्थापना हुने खोज तथा उद्धार कमाण्ड पोष्टले गर्नेछ।

(४) कमाण्ड पोष्ट स्थापना नभएको अवस्थामा खोज तथा उद्धार टोलीको समन्वयको जिम्मेवारी सम्बन्धित आपत्कालीन कार्यसञ्चालन केन्द्रको हुनेछ।

(५) विपद् तथा दुर्घटनाको अवस्थामा छिटो र प्रभावकारी परिचालनको सिद्धान्तलाई आत्मसात गर्दै जुनसुकै विश्वसनीय स्रोत तथा माध्यमबाट विपद् तथा दुर्घटनाको खबर प्राप्त भएको अवस्थामा उक्त खबर प्राप्त गर्ने खोज तथा उद्धार टोली तत्काल परिचालित हुनुपर्नेछ र परिचालन भएको जानकारी ऐनले निर्दिष्ट गरे अनुरूप तत्काल आफ्नो चेन अफ कमाण्डलाई गराउनु पर्नेछ।

(६) परिचालनको क्रममा र खोज तथा उद्धार कार्य समाप्त भए पश्चात् टोलीले गरेको खोज तथा उद्धार कार्यको मौखिक तथा लिखित प्रतिवेदन अनिवार्य रूपमा सम्बन्धित कमाण्ड पोष्ट वा आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई गर्नु पर्नेछ।

(७) राष्ट्रिय विपद् घोषणा भई अन्तर्राष्ट्रिय सहयोग आव्हान भएको अवस्थामा खोज तथा उद्धार टोलीहरूको नेतृत्व, परिचालन तथा समन्वय सङ्कट व्यवस्थापन केन्द्रले गर्नेछ।

(८) विपद् प्रतिकार्यको क्रममा खोज तथा उद्धार कार्यलाई छिटो छरितो, समन्वयात्मक तथा प्रभावकारी तुल्याउन सबै खोज तथा उद्धार टोलीले राज्यद्वारा लागू गरिएको प्रतिकार्य नेतृत्व प्रणालीको प्रावधानभित्र रहेर कार्य सम्पादन गर्नुपर्नेछ।

नेपाल सरकार गृह मन्त्रालय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन शिखरदरबार, काठमाडौं
प्रमाणित प्रतिलिपि

१४. **संचार** : (१) जस्तोसुकै विपद् तथा दुर्घटनाको अवस्थामा सम्पूर्ण खोज तथा उद्धार लगायत अन्य प्रतिकार्यहरूलाई समन्वयात्मक र प्रभावकारी तुल्याउन एवं एकरूपता ल्याउन आपत्कालीन सञ्चार प्रणालीको तहगत आबद्धता र सञ्चालन मापदण्ड, २०७५ अनुरूप विपद् व्यवस्थापनको लागि निर्दीष्ट गरेको रेडियो आवृत्तिभित्र रही सबै खोज तथा उद्धार टोलीहरूले सञ्चार सम्पर्क तथा समन्वय गर्नुपर्नेछ।

(२) फ्लाइङ स्क्वाड लगायत सबै खोज तथा उद्धार टोलीहरूको सञ्चार माध्यम अन्तर-समूह सञ्चालन योग्य रहनु पर्नेछ।

(३) समन्वयात्मक र प्रभावकारी खोज तथा उद्धारको लागि सम्बन्धित आपत्कालीन कार्यसञ्चालन केन्द्रले प्रतिकार्यको क्रममा सूचना तथा समन्वय केन्द्रको रूपमा कार्य गर्नेछ।

१५. **बन्दोबस्ती** : (१) फ्लाइङ स्क्वाड लगायत सबै खोज तथा उद्धार टोलीहरू यस मापदण्डले निर्धारण गरेको खोज तथा उद्धार कार्यको समयावधिको लागि सम्पूर्ण आवश्यक सरसामान, उपकरण, इन्धन, टोलीमा खटिने जनशक्तिको लागि खानपिन (रासन पानी) तथा रेष्ट एण्ड रिलिफको व्यवस्थापनमा आत्मनिर्भर रहनु पर्नेछ।

(२) खोज तथा उद्धार टोलीको सम्पूर्ण बन्दोबस्तीको जिम्मेवारी टोली गठन गर्ने सम्बन्धित निकायको रहनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि खोज तथा उद्धार टोलीहरूको बन्दोबस्ती व्यवस्थापनको लागि आवश्यकता अनुसार संघ, प्रदेश, जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति तथा स्थानीय तहले आपसी सहकार्यका साथै अन्य संघ संस्था एवम् निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्न सक्नेछन्।

१६. **समन्वय र सहकार्य** : प्रतिकार्यको क्रममा समन्वयात्मक प्रयासको सुनिश्चितता गर्न खोज तथा उद्धार टोलीहरूले देहायका संयन्त्र तथा निकायसँग प्रभावकारी समन्वय र सहकार्य गर्नुपर्नेछ।

(क) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, प्रदेश प्रहरी तथा नगर प्रहरी

(ख) वारुण यन्त्र

(ग) स्वयंसेवक

(घ) स्वास्थ्य उपचार टोली

(ङ) स्थानीय तह तथा समुदाय

(च) अन्तर्राष्ट्रिय सहयोग आव्हान भएको अवस्थामा सहयोगार्थ आउने अन्तर्राष्ट्रिय खोज तथा उद्धार टोली

(छ) निजी क्षेत्र तथा निजी सुरक्षा संगठन

१७. **बीमा तथा सुरक्षा** : (१) खोज तथा उद्धार टोली लगायत फ्लाइङ स्क्वाडका सदस्यको गठन तथा व्यवस्थापन गर्ने सम्बन्धित निकायले अनिवार्य रूपमा दुर्घटना तथा जीवन बीमा गरेको हुनुपर्नेछ।

नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं
प्रमाणित प्रतिलिपि

(२) जस्तोसुकै विपद् तथा दुर्घटनाको प्रतिकार्यको क्रममा परिचालित खोज तथा उद्धार टोली लगायत फ्लाइङ स्क्वाडले आफ्नो व्यक्तिगत सुरक्षाको साथै खोज तथा उद्धार कार्यमा प्रयोग गरिएका साधन स्रोतको समेत सुरक्षा गर्नु पर्नेछ।

१८. प्राविधिक तालिम : प्राधिकरणले देहायका तालिमको विवरण तथा पाठ्यक्रमको विषयसूची प्रकाशन गर्नेछ।

(क) सामुदायिक खोज तथा उद्धार तालिम,

(ख) आधारभूत प्राविधिक खोज तथा उद्धार तालिम,

(ग) मध्यमस्तरको प्राविधिक खोज तथा उद्धार तालिम,

(घ) उच्चस्तरको विशेष प्राविधिक खोज तथा उद्धार तालिम,

(ङ) उच्च पहाडी तथा हिमाली क्षेत्रमा खोज तथा उद्धार गर्ने कार्यका लागि आवश्यक पर्ने विशिष्ट प्रकारको खोज तथा उद्धार विषयमा तालिम,

(च) फ्लाइङ स्क्वाडमा रहेर काम गर्नको लागि आवश्यक प्राविधिक तालिम।

(२) तालिमको विवरणमा सम्बन्धित तालिममा सिकाइने सैद्धान्तिक ज्ञान तथा व्यवहारिक अभ्यासका साथै तालिमको उद्देश्य, तालिममा सहभागी हुन आवश्यक योग्यता र क्षमता, तालिमबाट सहभागीले हासिल गर्नुपर्ने अपेक्षित दक्षता, तालिमको अवधि, तालिम दिने प्रशिक्षकको न्यूनतम योग्यता, तालिम प्रदान गर्ने संघसंस्था, निकाय वा सेवा प्रदायकको न्यूनतम योग्यता आदिको बारेमा उल्लेख गर्नुपर्नेछ।

१९. क्षमता विकास तथा परीक्षण : (१) यस मापदण्डले निर्दिष्ट गरेको फ्लाइङ स्क्वाड लगायत सबै खोज तथा उद्धार टोलीका सदस्यहरूले आफ्नो आधारभूत तालिमका अलावा कम्तीमा वर्षको एक पटक अनिवार्य पुनर्ताजगी तालिम प्रधिकरणको समन्वयमा सम्पन्न गरेको हुनु पर्नेछ।

(२) खोज तथा उद्धारको व्यावसायिक क्षमताको यकिन गर्न सबै टोली लगायत फ्लाइङ स्क्वाडका खोज तथा उद्धार टोलीले वर्षको कम्तिमा एक पटक कृत्रिम अभ्यासमा सहभागी भएको हुनु पर्नेछ।

(३) कृत्रिम अभ्यास सञ्चालनको जिम्मेवारी टोली व्यवस्थापन गर्ने सम्बन्धित निकायको हुनेछ।

(४) कृत्रिम अभ्यास प्राधिकरणसँगको समन्वयमा सञ्चालन गर्नु पर्नेछ।

(५) प्राधिकरणले सम्पूर्ण खोज तथा उद्धार टोली तथा फ्लाइङ स्क्वाडको क्षमता विकास तालिम, पुनर्ताजगी तालिम र सञ्चालन गरिएका कृत्रिम अभ्यासहरूको विद्युतीय अभिलेख राख्नु पर्नेछ।

२०. स्रोत परिचालन र खर्च : (१) यस मापदण्डले निर्दिष्ट गरेका खोज तथा उद्धार टोलीहरूको गठन, व्यवस्थापन, क्षमता विकास तथा परिचालनको लागि आवश्यक आर्थिक स्रोत तथा खर्चको व्यवस्थापन सम्बन्धित जिम्मेवारी टोली गठन गर्ने निकायको हुनेछ।

नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं
प्रमाणित प्रतिलिपि

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि आर्थिक स्रोत तथा खर्चको व्यवस्थापनको लागि प्रचलित कानून अनुसार अन्तर तह समन्वय गर्न सकिनेछ।

२१. **बाधा अड्काउ फुकाउ :** (१) यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ देखा परेमा कार्यकारी समितिले उक्त बाधा अड्काउ फुकाउने सम्बन्धमा आवश्यक निर्णय गर्नेछ।

(२) विभिन्न तहका खोज तथा उद्धार टोलीहरू परिचालन हुँदा मापदण्डमा तोकिए बमोजिमका तालिम, व्यक्तिगत सुरक्षाका साधन तथा खोज तथा उद्धार सामग्री सहितका टोली परिचालन हुनुपर्नेमा विविध कारणवस यस मापदण्डले तोके बमोजिमको तालिम, जनशक्ति तथा स्रोतसाधन उपलब्ध नभएको टोली परिचालन भएको अवस्थामा यस मापदण्ड बर्खिलाप भएको मानिने छैन।

प्रमाणित प्रतिलिपि
नेपाल सरकार
गृह मन्त्रालय
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन महाशाखा
सिंहदरबार, काठमाडौं

अनुसूची—१
(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)
खोज तथा उद्धारको तह

खोज तथा उद्धारको तह	उद्देश्य	सम्पादन गरिने कार्य	जिम्मेवारी
पहिलो तह	खोज तथा उद्धार क्षेत्रको वृहत लेखाजोखा (Assessment Search and Rescue [ASR] Level-1, Wide Area Assessment)	• विपद् वा दुर्घटना भएको क्षेत्र वा स्थानको तत्काल गरिने वृहत लेखाजोखा। • विपद् वा दुर्घटनाको असर वा फैलावट, प्रभावित क्षेत्र, तत्काल खोज तथा उद्धारको लागि आवश्यक स्रोत साधनको आकलन, जोखिमको अवस्था र भएको क्षतिको अवस्थाबारे लेखाजोखा गरिने। • हवाई साधन, ड्रोनको प्रयोग तथा व्यक्ति स्वयं उपस्थित भएर समेत लेखाजोखा गर्न सकिने। • खोज तथा उद्धारको लागि प्रारम्भिक प्राविधिक योजना निर्माण र साधनस्रोतको आकलन गर्नको लागि समेत वृहत लेखाजोखा गरिने।	स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, स्थानीय खोज तथा उद्धार टोली
दोस्रो तह	खोज तथा उद्धार क्षेत्रको प्राथमिकता निर्धारण सहितको लेखाजोखा (ASR Level-2, Worksite Triage Assessment)	• विपद् वा दुर्घटना भएको क्षेत्र वा स्थानमा जीवित वा घाइते व्यक्ति हुनसक्ने क्षेत्रको आकलन गर्नका लागि गरिने प्राविधिक लेखाजोखा। • स्थानीय जनसमुदायको सल्लाह सुझाव र पूर्ववत गरिएको वृहत् लेखाजोखालाई आधार मानी सम्पन्न गरिने। • यो लेखाजोजा जतिसक्दो छिटो गरी सक्नुपर्ने। • यस लेखाजोखाबाट निम्न उद्देश्यहरू हासिल गरिने: ○ विपद् गएको क्षेत्रमा थप लेखाजोखा गर्ने वा खोज तथा उद्धार कार्य सुरु गर्ने भन्ने निर्क्यौल गरिने। कहाँ ASR Level 2 यथावत राख्ने र कहाँ ASR Level 3 सञ्चालन गर्ने भन्ने निर्क्यौल गरिने। ○ खोज तथा उद्धार कार्यको लागि क्षेत्र तथा योजना निर्धारण गर्ने। ○ प्रतिकार्य नेतृत्व प्रणाली (Incident Command System) सुचारुको लागि विपद् वा दुर्घटना भएको क्षेत्र वा स्थानमा भएको क्षति र सम्भावित जीवित तथा घाइतेहरू हुन सक्ने स्थानहरूको जानकारी गराउन तथा उद्धारको लागि आवश्यक पर्ने क्षमताको समेत जानकारी गराउन सहयोग पुग्ने। ○ खोज तथा उद्धार गरिने क्षेत्रको विस्तृत नक्साङ्कन गर्ने।	आधारभूत/हल्का, मझौला तथा विशेष खोज खोज तथा उद्धार टोली
तेस्रो तह	द्रुत खोज तथा उद्धार (ASR Level- 3 Rapid Search and Rescue)	• विपद् गएको वा दुर्घटना घटेको प्रारम्भिक चरणमा सिमित संख्यामा उपलब्ध प्राविधिक खोज तथा उद्धार टोलीले यो द्रुत खोज तथा उद्धार कार्य सम्पन्न गर्ने। • जीवित तथा घाइते हुन सक्ने पहिचान गरिएका भत्किएका भौतिक संरचना तथा भग्नावशेषहरूमा द्रुत गतिमा खोज तथा उद्धार गरी धेरैभन्दा धेरै मानिसहरूको जीवन रक्षा गर्ने। • यस चरणको खोज तथा उद्धारको क्रममा: ○ व्यक्ति तथा कुकुरको प्रयोगका साथै प्राविधिक खोजी कार्य गर्ने।	आधारभूत/हल्का, मझौला तथा विशेष खोज तथा उद्धार टोली

१८ नेपाल सरकार गृह मन्त्रालय सिंहदरबार, काठमाडौं
प्रमाणित प्रतिलिपि

खोज तथा उद्धारको तह	उद्देश्य	सम्पादन गरिने कार्य	जिम्मेवारी
		○ सिमित Shoring, Breaking तथा Breaching का कार्यहरूका साथै सिमित धुन्यान व्यवस्थापन गर्ने। ○ ढलानका संरचनाहरूमा सिमित प्वाल तथा भ्वाङ पारी उद्धार कार्य गर्ने। • यस चरणको खोज तथा उद्धार कार्य विपद् गएको वा दुर्घटना भएको केही घण्टाभित्र तत्कालै सम्पादन गरिसक्नु पर्नेछ। • विपद् वा दुर्घटनाको प्रारम्भिक चरणमा सिमित प्राविधिक खोज तथा उद्धार टोलीहरूबाट धेरै भन्दा धेरै मानिसको जीवन रक्षा गर्नु पर्ने हुँदा एउटै कार्यक्षेत्रको भग्नावशेषमा कोही जीवित व्यक्ति रहेको पूर्ण यकिन नभएसम्म धेरै समय लगाएर र गहिराईमा गएर खोज तथा उद्धार कार्य नगर्ने। • यदि भग्नावशेषको गहिराईमा कोही जीवित रहेको पूर्ण यकिन भएमा प्राविधिक खोज तथा उद्धार टोलीले प्रतिकार्य नेतृत्व प्रणाली (Incident Command System) को स्वीकृति पश्चात् SAR Level 4 मा प्रवेश गरी आवश्यक परेमा थप स्रोत साधन र क्षमताको प्रबन्ध गरी खोज तथा उद्धार कार्य सम्पादन गर्ने। यद्यपि उक्त कार्यको लागि आफ्नो SAR Level 3 सम्पन्न भएको यकिन गर्ने। • विपद् वा दुर्घटनाको प्रारम्भिक चरणमा धेरै भन्दा धेरै मानिसको जीवन जोगाउनु पर्ने हुँदा एउटै प्राविधिक खोज तथा उद्धार टोलीले एक वा एक भन्दा बढी स्थानमा खोज तथा उद्धार कार्य गर्नुपर्ने अवस्था समेत रहने। • यस चारणमा SAR Level 4 सञ्चालनको लागि भग्नावशेषहरूको पहिचानका साथसाथै खोज तथा उद्धार कार्य गर्न आवश्यक थप क्षेत्र तथा स्थानहरूको पहिचान गर्न सकिने।	
चौथो तह	पूर्ण खोज तथा उद्धार (ASR Level- 4, Full Search and Rescue)	• जटिल भग्नावशेषमा फसेका ASR Level 3 सम्मले खोज तथा उद्धार गर्न नसकेका जीवित तथा घाइते व्यक्तिको पहिचान गरी निजको स्थिति पत्ता लगाई सकुसल उद्धार गर्ने। • उक्त जटिल खोज तथा उद्धार कार्यका लागि जस्तोसुकै भ्वाङ, सुरुङ तथा खाली ठाउँ निर्माण गर्ने। • खोज तथा उद्धार टोलीले एकै स्थानमा लामो समयसम्म र पूर्ण क्षमतामा निम्न अनुसार खोज तथा उद्धार कार्य गर्ने: ○ सबैभन्दा जटिल खोज तथा उद्धार पद्धतिको प्रयोग गर्ने। ○ ठूला तथा गह्रौ भग्नावशेषका टुक्रा हटाउने, सार्ने, थेग्ने, उचाल्ने, काट्ने तथा टुक्रा पार्ने र प्वाल/भ्वाङ पार्ने। ○ भग्नावशेषको गहिराईसम्म गएर साँघुरो स्थानबाट समेत खोज तथा उद्धार कार्य गर्ने । • यस तहमा जटिल किसिमका खोज तथा उद्धार कार्य गरिने हुँदा एकै स्थानमा दुई वा दुई भन्दा बढी प्राविधिक खोज तथा उद्धार टोलीहरू समेत परिचालन गर्न सकिने।	मझौला तथा विशेष खोज तथा उद्धार टोली

नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं
प्रमाणित प्रतिलिपि

खोज तथा उद्धारको तह	उद्देश्य	सम्पादन गरिने कार्य	जिम्मेवारी
		• यस चारणमा SAR Level 5 सञ्चालनको लागि भग्नावशेषहरूको पहिचान गर्ने।	
पाँचौ तह	सबै क्षेत्र समेटिने अन्तिम खोज तथा उद्धार (ASR Level- 5 Total Coverage Search and Rescue)	• खोज तथा उद्धारको क्रममा भग्नावशेषमा जीवित व्यक्ति तथा घाइते फेलापर्ने सम्भावना नरहे पश्चात् यो तहको खोज तथा उद्धार कार्य सुरु गरिने। यस तहमा जीवित व्यक्ति फेला पर्ने सम्भावना ज्यादै न्यून रहने। • मुख्यगरी विपद् तथा दुर्घटनामा परेर मृत्यु भएकाहरूको शव उत्खनन्को लागि यस चरणमा प्रवेश गरिने। • यद्यपि निर्णय तहमा अझै पनि जीवित व्यक्ति भेटिन सक्ने प्रचुर सम्भावना रहेको यकिन भएमा भने निम्नानुसार खोज तथा उद्धार कार्य गर्ने: ○ सम्भव भएसम्म भत्किएका संरचनाका भग्नावशेषमा प्वाल, भ्वाङ, खाली ठाउँ बनाएर खोज तथा उद्धार कार्य गर्ने। ○ SAR Level 4 मा प्रयोग गरिने सम्पूर्ण खोज तथा उद्धारका प्रकृयाहरूको प्रयोग गर्ने। • भत्किएका संरचनाका भग्नावशेषहरूलाई हटाउने, टुक्रापार्ने कार्य गर्ने र उक्त कार्यहरू सम्पादनको लागि ठूला केन तथा Hydraulic Demolition Hammer आदिको समेत प्रयोग गर्ने।	मझौला तथा विशेष खोज तथा उद्धार टोली लगायत अन्य प्राविधिक टोली

नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं
प्रमाणित प्रतिलिपि

अनसूची -२

(दफा ४ को उपदफा (७) सँग सम्बन्धित)

स्थानीय खोज तथा उद्धार टोलीका सदस्यको कार्यजिम्मेवारी

क्र.सं.	सदस्य संख्या	नियुक्ति	कार्यजिम्मेवारी
१	एक जना	मुख्य नेतृत्व	खोज तथा उद्धार टोलीको नेतृत्व, सम्बन्धित निकायहरूसँग सम्पर्क, समन्वय र प्रतिवेदन गर्ने।
२	दुई जना	खोज टोली	भूकम्प तथा पहिरोजस्ता विपद्बाट क्षति पुगेका भौतिक संरचना, आगलागी, डुबान वा बाढी आएको नदीनाला तथा क्षेत्र, सडक दुर्घटना स्थल वा क्षेत्रको लेखाजोखा तथा पुरिएका, हराएका, डुबेका तथा घाइते भएका व्यक्तिहरूको सतही खोजी गर्ने।
३	तीन जना	उद्धार टोली	भूकम्प तथा पहिरोजस्ता विपद्बाट क्षति भएका भौतिक संरचना, आगलागी, डुबान वा बाढी, सडक दुर्घटनामा परेका, पुरिएका, हराएका, डुबेका तथा घाइते भएका व्यक्तिहरू तथा मृतकका शवको सतही उद्धार गर्ने।
४	चार जना	स्वास्थ्य उपचार र बन्दोबस्ती	विपद् वा दुर्घटनामा परेका घाइते बिरामीहरूको प्राथमिक उपचार गर्ने, स्वास्थ्य उपचारको लागि अस्पताल, स्वास्थ्य चौकी तथा एम्बुलेन्स सेवासँग समन्वय र आवश्यकता अनुसार हेलिप्याड छनौट तथा स्थानीय साधनस्रोतको प्रयोग गरी रेखाङ्कन गर्ने।
५	जम्मा आठ जना		

प्रमाणित प्रतिलिपि
नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

अनुसूची–३

(दफा ४ को उपदफा (९) सँग सम्बन्धित)

स्थानीय खोज तथा उद्धार टोलीको लागि आवश्यक उपकरण

सि.नं.	उपकरण	एकाई	संख्या
१.	Safety Vest	गोटा	८
२.	Life Jacket	गोटा	८
३.	Personal Protective Equipment (PPE)	सेट	८
४.	Helmet	गोटा	८
५.	Raincoat	गोटा	८
६.	Eye Protective Goggles	गोटा	८
७.	Face Mask	गोटा	८
८.	Whistle	गोटा	८
९.	Leather Gloves	जोर	८
१०.	Knee Pad	जोर	८
११.	Elbow Pad	जोर	८
१२.	Steel Toe Boot	जोर	८
१३.	Head Lamp	गोटा	८
१४.	Mega Phone with Battery	गोटा	१
१५.	Nylon Rope (20 feet)	गोटा	१
१६.	Cotton Rope / Personal Rope(6 Feet)	गोटा	८
१७.	Cotton Rope (18 to 20 mm thickness and 25 meter length)	गोटा	२
१८.	Dynamic Rescue Rope (20 meter)	गोटा	१
१९.	Seat Harness	गोटा	२
२०.	Carabineer	गोटा	८
२१.	Figure of Eight	गोटा	२
२२.	Pulley	गोटा	२
२३.	Scissor	गोटा	१
२४.	Handsaw	गोटा	१
२५.	Hacksaw	गोटा	१
२६.	Plier	गोटा	१
२७.	Portable Fire Pump	गोटा	१
२८.	Throw bag	गोटा	१
२९.	Life Buoy/Rubber Tube	गोटा	१
३०.	Hammer (0.5 kg)	गोटा	१
३१.	Hammer (2 to 2.5 kg)	गोटा	१
३२.	Sledge Hammer (4 to 5 kg)	गोटा	१
३३.	Peak	गोटा	२
३४.	Shovel	गोटा	२
३५.	Iron Lever	गोटा	१

नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं
प्रमाणित प्रतिलिपि

सि.नं.	उपकरण	एकाई	संख्या
३६.	Steel Bucket	गोटा	२
३७.	Stretcher	गोटा	१
३८.	First Aid Kit (General)	सेट	१
३९.	Crowbar	गोटा	१
४०.	Fire Blanket	गोटा	१

प्रमाणित प्रतिलिपि

नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची -४

(दफा ५ को उपदफा (७) सँग सम्बन्धित)

आधारभूत/हल्का खोज तथा उद्धार टोलीका सदस्यको कार्यजिम्मेवारी

क्र.सं.	समूह	सदस्य संख्या	नियुक्ति	कार्यजिम्मेवारी
१.	नेतृत्व	एक जना	टोली प्रमुख	खोज तथा उद्धार टोलीको नेतृत्व, सम्बन्धित निकायसँग समन्वय र माथिल्लो निकायमा प्रतिवेदन गर्ने।
		एक जना	सहायक टोली प्रमुख	अवश्यक निकायसँग समन्वय र सहकार्य गर्न मुख्य नेतृत्वलाई सहयोग गर्ने। मुख्य नेतृत्वको अभावमा खोज तथा उद्धारको नेतृत्व गर्ने। हवाई उद्धारको क्रममा Air Liasion को रुपमा कार्य गर्ने।
		एक जना	योजना अधिकृत	खोज तथा उद्धार कार्यको योजना निर्माण, सूचना तथा खबर संकलन र व्यवस्थापन तथा संचार व्यवस्थापन गर्ने।
		एक जना	सुरक्षा अधिकृत	सम्पूर्ण खोज तथा उद्धार कार्य, खोज तथा उद्धार टोली, घाइते, बिरामी तथा मृतकका शवको सुरक्षा गर्ने।
		जम्मा चार जना		
२.	खोज तथा उद्धार	एक जना	समूह नेतृत्व	खोज तथा उद्धार समूहको नेतृत्व गर्ने।
		दुई जना	खोज	क्षतिग्रस्त भौतिक संरचना, आगलागी, डुबान वा बाढी, सडक दुर्घटना तथा हवाई दुर्घटना भएको स्थान वा क्षेत्रको र सिमित जोखिमयुक्त वस्तु (HAZMAT) दुर्घटना भएको स्थानको लेखाजोखा तथा पुरिएका, हराएका, डुबेका तथा घाइते व्यक्तिहरूको खोजी गर्ने।
		छ जना	उद्धार	क्षतिग्रस्त भौतिक संरचना, आगलागी, डुबान वा बाढी, सडक दुर्घटना तथा हवाई दुर्घटना र सिमित जोखिमयुक्त वस्तु (HAZMAT) दुर्घटनामा परेका, पुरिएका, हराएका, डुबेका तथा घाइते व्यक्तिहरूको उद्धार गर्ने। उक्त उद्धारको क्रममा Breaking, Breaching, Cutting, Shoring, Technical Rope Rescue र Lifting and Moving जस्ता प्रक्रिया अवलम्बन गर्ने।
		जम्मा नौ जना		
३.	स्वास्थ्य उपचार	एक जना	नेतृत्व	विपद् वा दुर्घटनामा परेका घाइते बिरामीहरूको अस्पताल पूर्वको उपचार गर्ने, स्वास्थ्य उपचारको लागि अस्पताल, स्वास्थ्य चौकी तथा एम्बुलेन्स सेवासँग समन्वय गर्ने, मृतको शव व्यवस्थापनको लागि शव व्यवस्थापन समिति र सम्बन्धित निकायसँग समन्वय गर्ने, साथै खोज तथा उद्धार टोलीको स्वास्थ्य सम्बन्धी विषयलाई सम्बोधन गर्ने।
		एक जना	सहायक	माथि उल्लेखित जिम्मेवारी बहन गर्न नेतृत्वलाई सहयोग गर्ने।
		जम्मा दुई जना		
४.	बन्दोबस्ती	एक जना	नेतृत्व	खोज तथा उद्धार कार्यको क्रममा बन्दोबस्तीको लागि आवश्यक उपकरण, यातायात, इन्धन, संचार, खाना, पानी, विश्रामस्थल शौचालय तथा आवश्यक बन्दोबस्तीका

प्रमाणित प्रतिलिपि
नेपाल सरकार
गृह मन्त्रालय
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषदको
सिंहदरबार, काठमाडौं

क्र.सं.	समूह	सदस्य संख्या	नियुक्ति	कार्यजिम्मेवारी
				विषयहरूको व्यवस्थापन गर्नुका साथै आवश्यकता अनुसार हेलिप्याड छनौट तथा स्थानिय साधनस्रोतको प्रयोग गरी रेखाङ्कन गर्ने।
		एक जना	सहायक	माथि उल्लेखित जिम्मेवारी बहन गर्न नेतृत्वलाई सहयोग गर्ने।
		पाँच जना	सवारी चालक	Bull Dozer, Dump Truck, Crane, Rescue Van र 14 Seater Van सञ्चालन गर्ने।
		जम्मा सात जना		
५.	**कुल जम्मा बाईस जना**			

प्रमाणित प्रतिलिपि
नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची -५

(दफा ५ को उपदफा (९) सँग सम्बन्धित)

आधारभूत/हल्का खोज तथा उद्धार टोलीको लागि आवश्यक उपकरण

सि.नं.	उपकरण	इकाई	संख्या
१	**PERSONAL PROTECTIVE EQUIPMENT (PPE)**		
	१. Helmet	गोटा	२२
	२. Whistle	गोटा	२२
	३. Florescent Vest	गोटा	२२
	४. Eye protection/Shield	गोटा	२२
	५. Head lamp	गोटा	२२
	६. Knee Pad	जोर	२०
	७. Elbow Pad	जोर	२०
	८. Face Mask	गोटा	२२
	९. Ear Plug	जोर	२२
	१०. Leather Gloves	जोर	२०
	११. Water Bottle	गोटा	२२
	१२. Carpenter Belt	गोटा	२०
२	**WATER SEARCH AND RESCUE PPE**		
	१. Boot/Gumboot	जोर	२२
	२. Life Vest	सेट	९
	३. Three Point Helmet	गोटा	२२
	४. Mask and Snorkel	सेट	९
३	**COLLPASED STRUCTURE SEARCH AND RESCUE (CSSR) PPE**		
	१. Steel Toe Boot	जोर	२२
४	**FIREFIGHTING PPE**		
